छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्याः ४ २०८० पौष २७ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# छायाँनाथ रारा नगरपालिका नगर सुधार गृह सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि,२०८०

# नगर सुधार गृह संञ्चालन तथा ब्यबस्थापन (पहिलो संशोधन) कार्यबिधि, २०८०

प्रमाणित मिति
२०७९/०५/१५

**<u>संशोधन</u>**

पहिलो संशोधन २०८०/०९/२७

संवत् २०८० सालको कार्यविधि नं. १३

**<u>नगर सुधार गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन गर्न बनेको कार्यविधि</u>**

**<u>प्रस्तावनाः</u>** परम्परा देखि लागु औषधको समाधान गर्दा अपनाइने प्रकृयाहरु ब्यक्ति केन्द्रित हुने भई लागु औषध सेवनकर्ताहरु तथा तिनका परिवार बिचको सदाचार, स्वास्थ्य, तथा आर्थिक हित कायम राख्दै समुदायलाई सभ्य, सु-सज्जित, शान्त तथा सकरात्मक बाटोमा अग्रसर गराउन कुलतमा फसेका ब्यक्तिहरुलाई सदमार्ग प्रदान गर्दै समाजमा पूनः स्थापित, लागुऔषध निर्मुल पार्ने साथै विकासका प्रतिफलहरु उपभोग गर्न, विकासमा सहभागिता जुटाउन स्वतन्त्रताको पूर्ण उपभोग गर्नका साथै दिगो शान्ति नै विकासको पूर्वशर्तको रुपमा रहेको हुन्छ भन्ने सिद्धान्तलाई सबै माझ आत्मसात गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकको नगरकार्यापालिकाले यो कार्यविधि जारी गरेको छ।

**परिच्छेद-१**
**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम कार्यक्षेत्र र प्रारम्भः</u>** (१) ✂..........

(२) यस कार्यविधिको नाम "छायाँनाथ रारा नगरपालिका नगर सुधार गृह संञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहको छ।

(३) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२। **<u>परिभाषाः</u>** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः-

(क) "नगरपालिका" भन्नाले छाँयानाथ रारा नगरपालिकालाई सम्झनु पर्छ।

✂-पहिलो संशोधनबाट झिकिएको

(ख) "नगर सुधार गृह" भन्नाले दफा ३ बमोजिमको उद्देश्यका लागि स्थापित नगर सुधार गृह सम्झनु पर्छ।

(ग) "केन्द्रिय अनुगमन तथा समन्वय समिति" भन्नाले लागु औषध प्रयोकर्ताहरुको लागि उपचार तथा पुनः स्थापना केन्द्र संञ्चालन निर्देशिका, २०७५ को दफा ८ बमोजिमको केन्द्रिय अनुगमन तथा समन्वय समिति सम्झनु पर्छ।

(घ) "जिल्ला अनुगमन तथा समन्वय समिति" भन्नाले लागु औषध प्रयोकर्ताहरुको लागि उपचार तथा पुनः स्थापना केन्द्र संञ्चालन निर्देशिका, २०७५ को दफा ९ बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समिति सम्झनु पर्छ।

(ङ) "प्रयोगकर्ता" भन्नाले लागु औषध वा मदिरा सेवनको लतका कारण शारिरिक वा मानसिक रुपले अस्वस्थ ब्यक्ति सम्झनु पर्छ ।

(च) "मदिरा" भन्नाले रक्सी, जाँड, छ्याङ, तोङबा, हिवस्की, रम, जिन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, मिड, माल्टन, औधोगिक अल्कोहल, साइडर, रेक्टीफाइड स्प्रिट, दिनेचर्ड स्प्रिट, साइलेन्ट स्प्रिट र हेड्स स्प्रिट सम्झनु पर्दछ र सो शब्दले अन्न, फलफुल वा अन्य कुनै वस्तुलाइ जीव रासायनिक प्रकृयाद्धारा कुहाइ वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहल यूक्त पदार्थलाई समेत सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।

(ज) "मुख्य औषध नियन्त्रण अधिकारी" भन्नाले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २१ बमोजिम नेपाल सरकारले मुख्य औषध नियन्त्रण अधिकारीको रुपमा नियूक्त गरेको वा तोकेको अधिकारी सम्झनु पर्छ।

(झ) "लागु औषध" भन्नाले गाँजा, औषधोपयोगी गाँजा, अफिम तैयारी अफिम, औषधपयोगी अफिम, कोकाको झार र पात, अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवण समेत मिसाई तयार गरिने कुनै पर्दाथ सम्झनु पर्दछ र सो शब्दले लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको प्राकृतिक वा कृत्रिम लागुऔषध तथा मनोद्धीपक पर्दाथ (साइकोट्रपिक सब्स्टयान्स) र तिनको लवण तथा पर्दाथलाई समेत जनाउँदछ ।

## परिच्छेद-२
## स्थापना, उद्देश्य, जनशक्ति र समितिको गठन

३. **उद्देश्यः** (१) यस कार्यबिधिको उद्देश्य देहाय बमोजिमका रहेका छनः-

(क) लागु औषध तथा मदिराको कुलतमा फसेका ब्यक्तिहरुलाई गृहले छ महिना देखि नौ महिना सम्म गृहमा राखि उनिहरुलाई मनोसामाजिक परामर्श दिई पुनः समुदायमा रुपान्तरण गरिने छ।

(ख) पुनः स्थापनाका लागि लागु औषध प्रयोगकर्तहरु बिच संवाद, छलफल सत्र आदी संञ्चालन गर्ने।

(ग) लागु औषध प्रयोगकर्तहरुको आंचार संहिता निर्माण गर्ने सो को कार्यन्वयन गर्ने, अनुगमन गर्ने उल्लंघन गरेमा कारबाही गर्ने जस्ता कार्यहरु गर्ने, आबस्यक संयन्त्रहरुको निर्माण र कार्यन्वयन गर्ने।

(घ) कुलतमा फसेका लागु औषध सेवनकर्ताहरुलाई मनोपरामर्श सेवा दिई रुपान्तरण गरि समुदायमा घुलमिल पूनः स्थापनाका लागि आबस्यक पहल कदमी गर्ने गराउने।

(ङ) कुलतमा फसेका लागु औषध सेवनकर्ताहरुलाई वा यस सम्बन्धमा गर्नु पर्ने आबस्यक कार्यहरु गर्ने नगरपालिकालाई परामर्श दिने, पैरवी, लबिङ तथा तिनका समबन्धमा अध्ययन अनुसन्धान गर्ने।

(च) लक्षित बर्गका लागि कार्यक्रम संञ्चालन गर्ने आर्थिक सहयोग जुटाउन दातृ निकाय संग समन्वय र पहल गर्ने।

(छ) सुधारका लागि गृहमा राखिएका सेवनकर्ताहरुलाई मान्यता प्राप्त मनोबिज्ञबाट प्रत्येक दिन मनोपरार्श सेवा तथा मान्यता प्राप्त चिकित्सकबाट स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

(ज) सुधारका लागि गृहमा राखिएका सेवनकर्ताहरुलाई सुधार गृहमा रहदा सेवनकर्ताहरुको भरण पोषण, स्वास्थ्य उपचार, आदीको व्यवस्था गृह आफैले गर्ने छ।

**३क.** **स्थापनाः** (१) लागु औषध वा मदिरा प्रयोगकर्ताको स्वास्थ्यमा थप जोखिम आउन नदिन लागु औषधको कुलतमा फसेका बढिमा पैतिस जना पुरुष नेपाली नागरिकहरुको पहिचान गरि सुधार गृहमा राखिने लागुऔषध वा मदिराको दुर्ब्यसनबाट छुटकरा दिलाउने लागु औषध वा मदिराको प्रयोकर्ताहरुलाई आवश्यक उपचार, ज्ञान, सीप तथा मनोपरामर्श सेवा उपलब्ध गराई समुदायमा पुनः स्थापनाको अनुकुल वातावरण बनाउने उद्देश्यले सुधार गृहको स्थापना गरिएको छ।

(२) यस सुधार गृहको नाम "नगर सुधार गृह" रहनेछ र नगरस्तरीय कार्यालय मुगु जिल्ला छायाँनाथ रारा नगरपालिका वडा नं. ..... रहनेछ।

(३) सुधार गृहको आवश्यकताको आधारमा कानूनी प्रकृया पुरा गरि नगरपालिका भित्रको जुनसुकै ठाउँमा शाखाहरु स्थापना गर्न सक्नेछ। यसका लागि वडा स्तरमा वडा स्तरिय सुधार गृहको स्थापना गर्न सक्नेछ ।

(४) सुधार गृह एक अविच्छन्न उत्तराधिकारवाला तथा गैर नाफा मुलक गृह हुनेछ। र गृह कार्यपालिका प्रति जवाफदेही रहनेछ ।

**३ख.** **जनशक्तिः** नगर सुधार गृहमा देहाय बमोजिमका जनशक्ति रहनेछन।

(१) व्यवस्थापक वा कार्यकारी प्रमुख वा कार्यक्रम संयोजक -एक जना

(२) मनोबिज्ञ वा मनोपरामर्शकर्ता -एक जना

(३) प्रशासन वा लेखा सहायक -एक जना

(४) पालो पहरा तथा सुरक्षाकर्मी -सात जना

(५) भान्से -दुई जना

(६) कार्यालय सहयोगी वा बगैचे -एक जना

३ग. **समितिः** (१) नगर सुधार गृह संञ्चालन तथा व्यवस्थापनका लागि नगरस्तरमा निम्न बमोजिमको सात सदस्य रहेको नगर सुधार गृह संञ्चालन तथा ब्यबस्थापन समिति गठन गरिने छ।

(क) नगर प्रमुख -संयोजक

(ख) कार्यपालिका सदस्यहरु मध्ये एक दलित, एक महिला सहित चार जना -सदस्य

(ग) सुधार गृहको व्यवस्थापक वा कार्यकारी प्रमुख वा कार्यक्रम संयोजक -सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

सचिव

**पुनश्चः** समितिको बैठकमा आवश्यकता अनुसार मनोबिज्ञ वा सरोकारवाला वा निकाय वा समुहका प्रतिनिधीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(२) नगर सुधार गृह संञ्चालन तथा ब्यबस्थापान समितिले नगर सुधार गृहको संञ्चालन, व्यवस्थापन, रेखदेख समेतको कार्य गर्नु पर्छ।

(३) सुशासन (ब्यवस्थापन तथा संञ्चालन) ऐन, २०६४, कर्णाली प्रदेश सुशासन ऐन, २०७६ र लागु औषध प्रयोगकर्ताहरुको लागि उपचार तथा पुनः स्थापना केन्द्र संञ्चालन निर्देशिका, २०७५ बमोजिम नगर सुधार गृह संञ्चालन तथा व्यवस्थापन समिति र नगर सुधार गृहले सो मा भएका व्यवस्था बमोजिम कार्यहरु गर्ने गराउने छ।

४. **अभिलेख सम्बन्धि व्यवस्थाः** (१) सुधारका लागि गृहमा राखिएका लागु औषध सेवनकर्ताहरुको विवरण नगरपालिकालाई दिनु पर्छ।

(२) सुधार गृहले आफ्नो क्षेत्र भित्र रहेका कुल लागु औषध सेवनकर्ताहरु तथा सुधारका लागि सुधार गृहमा राखिएका लागु औषध सेवनकर्ताहरुको अभिलेख राखि त्यसको चौमासिक प्रतिदेबदन नेपाल सरकारको गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण महाशाखामा पठाउनु पर्छ।

## परिच्छेद-३

## बिबिध

**५. लागु औषधको उत्पादनमा निषेधः** (१) कुनै ब्यक्ति वा फर्मले यस नगरपालिका क्षेत्र भित्र कुनै पनि प्रकारको लागु औषध वा लागु औषध जन्य उत्पादन गर्न पाउने छैन।

६. **लागु औषधको विक्री वितरणमा निषेधः** (१) कुनै ब्यक्ति वा फर्मले यस नगरपालिका क्षेत्र भित्र कुनै पनि प्रकारको लागु औषध वा लागु औषध जन्य प्रदार्थको विक्री वितरण तथा ओसार पसार गर्न पाउने छैन।

७. **लागु औषधको सेवनमा बन्देजः** (१) कुनै ब्यक्तिले यस नगरपालिका क्षेत्र भित्र कुनै पनि प्रकारको लागु औषध वा लागु औषध जन्य प्रदार्थको सेवन गर्न पाउने छैन।

८. **लागु औषधको निकासी पैठारीमा निषेधः** (१) यस नगरपालिका क्षेत्र भित्र विक्री वितरण, सेवन तथा उत्पादन प्रयोजनार्थ कोही कसैले कुनै पनि प्रकारको लागु औषध वा लागु औषध जन्य प्रदार्थ निकासी पैठारी गर्न पाउने छैन ।

९. ................

९. **सचेतना कार्यक्रम संञ्चालन गर्नेः** (१) लागु औषधको सेवनले ब्यक्ति, घर, परिवार र समाजमा पार्ने नकरात्मक असर र सो सम्बन्धमा भएका कानूनी व्यवस्था र सुधार गर्नु पर्ने बिषयका बारेमा नगरपालिका भित्रका बस्तीहरुमा सचेतना कार्यक्रम संञ्चालन गर्ने छ।

(२) उपदफा (१) बमोजिम संञ्चालन गरिएका कार्यक्रमहरुको प्रतिबेदन तयार गरि नगरपालिकामा अनिबार्य पेश गर्नु पर्छ।

१०. **खानतलासी, कब्जा गर्ने सक्नेः** (१) नगरपालिका क्षेत्र भित्र लागु औषध जन्य कारोबार भईरहेको शंकास्पद अबस्था पाइएमा नगर सुधार गृह संञ्चालन तथा व्यवस्थापन समितिले स्थानिय प्रहरीको रोहबर समन्वयमा खानतलासी गर्न सक्नेछ ।

(२) खानतलासी गर्दा उक्त घरधनी वा घर प्रयोगकर्तालाई पूर्ब जनकारी दिइनेछ । उक्त स्थानमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सजाय हुने कुनै कार्य गरिएको पाइएमा सो कार्य गर्ने ब्यक्ति र कार्यसंग सम्बन्धित मालसामान प्रहरीसंगको समन्वयमा कब्जामा लिइनेछ र लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम काम अगाडी बढाइनेछ ।

११. **कारबाहीका लागि सिफारिस गरि पठाउनेः** (१) यस नगर क्षेत्र भित्र लागु औषध उत्पादन, विक्री, वितरण, ओसार पसार, निकासी पैठारी, सेवन गर्ने ब्यक्ति वा समुहलाई कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा नगर सुधार गृह संञ्चालन तथा व्यवस्थापन समितिले सिफारिस गरि पठाउन सक्ने छ ।

१२. **पुरस्कारः** (१) यस नगर क्षेत्र भित्र कसैले यस कार्यबिधि बिपरित कार्य गरेको कुरा प्रमाण सहित कसैले सूचना वा सुराकी दिएमा सो ब्यक्तिलाई पाँच हजार रुपैंया सम्म नगद पुरस्कार स्वरुप दिइने छ।

१३. **शुल्क सम्बन्धिः** (१) सुधार गृहले सुधारका लागि सुधार गृहमा राखिएका लागु औषध सेवनकर्ताहरुबाट मासिक पाँच हजार रुपैंया सम्म शुल्क लिनेछ ।

तर नगरपालिकाले लागु औषध सेवनकर्ताहरुको घरको आर्थिक अवस्थालाई समेत मध्ये नजर गरी सुधारका लागि निशुल्करुपमा सुधार गृहमा राख्न चाहेमा सुधार कुनै शुल्क लिने छैन ।

१४. **अनुगमन तथा निरिक्षणः** (१) केन्द्रिय अनुगमन समन्वय समिति, मुख्य औषध नियन्त्रण अधिकारी तथा अनुगमन समन्वय समितेले जुनसुकै बखत सुधार गृहको अनुगमन तथा निरीक्षण गर्न सक्छ।

१५. **बाधा अड्काउ फुकाउः** (१) यस कार्यबिधिमा कुनै बाधा देखिएमा वा संघिय, प्रादेशिक कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ। कार्यबिधिमा संशोधन वा बाधा फुकाउने अधिकार कार्यपालिकालाई रहने छ।

आज्ञाले,
पशुपती शाही
नि. प्रमुख प्रासकीय अधिकृत